# कर्णाली प्रदेश सरकार

निजी सचिवालय
**मा. सुरेश अधिकारी**
**मन्त्री**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-संख्या : ०८१।८२
चलानी नम्बर : ०९ 'क'

मिति :- २०८१/०७/२२

श्री डिभिजन वन कार्यालय,
सबै ।

विषय :- कार्यविधि संसोधनको जानकारी पठाइएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि २०८१ को दफा ३७ बमोजिम मन्त्रालयले अनूसूची-७ को खण्ड (क) को वन तथा वातावरण संरक्षणका कार्यक्रम कार्यान्वयन विधिमा "समुदायमा आधारित वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम" को कार्यविधि संसोधन भइ मन्त्रालयको website मा राखिसकेको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

२०८१/०७/२२

..........................
निरज श्रेष्ठ
निजि सचिव

निजी सचिव

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि,२०८१ को अनुसूचीमा संशोधन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन एकिकृत कार्यविधि, २०८१ को दफा ३७ बमोजिम मन्त्रालयले अनुसूची-७ को खण्ड (क) को वन तथा वातावरण संरक्षणका कार्यक्रम कार्यान्वयन विधिमा देहायको कार्यक्रममा देहाय बमोजिम हुने गरी संशोधन गरेको छः-

देहाय

| कार्यक्रमको नामः | समुदायमा आधारित वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम |
|---|---|
| पृष्ठभूमि र उद्देश्यः | सहभागितामा आधारित वन (सामुदायिक वन, कबुलियती वन, धार्मिक वन) समुहको प्रभावकारी परिचालन गरी वनको दिगो व्यवस्थापन गर्दै वनको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न तथा स्थानीय जनताको वन पैदावारको दैनिक आधारभूत आवश्यक्ता पूरा गर्न देहायका उद्देश्य राखी यो कार्यक्रम राखिएको छः-<br>✓ समुदायमा आधारित वनहरुको दिगो व्यवस्थापन गर्ने,<br>✓ सामुदायिक वन/कबुलियती वन/धार्मिक वन उपभोक्ता समुहलाई सक्रिय वनाउने,<br>✓ समुदायमा आधारित वन समुहमा सुशासन कायम गराउने,<br>✓ समुदायमा आधारित वनबाट वन पैदावारको स्थानीय आवश्यक्ता पूर्ति गर्ने,<br>✓ समुहको आम्दानी, स्थानीय रोजगारी तथा राजश्वमा टेवा पुऱ्याउने। |
| क्रियाकलाप तथा कार्यान्वयन विधि | यो कार्यक्रमको कार्यान्वयनको लागि देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछः-<br>✓ स्थानीय तहमा अन्तरक्रिया तथा छलफल सञ्चालन गर्ने,<br>✓ वडास्तरमा वन समुहका प्रतिनिधि सहितको समन्वय बैठक गर्ने,<br>✓ वडामा रहेका सबै समुदायमा आधारित वन समुहहरुको पहिचान गर्ने र समयतालिका बनाई उपभोक्ता समुहमा जाने कार्ययोजना तयार गर्ने।<br>✓ उपभोक्ता समुह स्तरमा निम्नबमोजिमका कार्यहरु गर्नेः<br>    ✓ अभिलेखहरु व्यवस्थापन (रजिष्टरहरु, सदस्यतापत्र समेत वितरण गर्न सकिने),<br>    ✓ समुहका लेखा परीक्षणमा सहयोग तथा समन्वय,<br>    ✓ वन कार्ययोजना नविकरणमा सहयोग तथा समन्वय,<br>    ✓ उपभोक्ता समुहको साधारण सभा/आमभेलामा सहयोग समन्वय गर्ने (वार्षिक कार्यक्रमहरु तयारी तथा अन्य कार्य गर्ने),<br>    ✓ काठदाउरा बिक्रिवितरण लगायत कार्यमा सहयोग गर्ने।<br>माथि उल्लिखित क्रियाकलाप सञ्चालन गर्नको लागि डिभिजन वन कार्यालयले |

सचिव

मा. सुरेश अधिकारी
मन्त्री

| | |
|---|---|
| | आवश्यकता अनुसार कृषि तथा वन विज्ञान विषयमा कम्तिमा डिप्लोमा तह वा अन्य कुनै विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेका जनशक्तिलाई वन सहजकर्ताको रुपमा नियुक्त गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।<br><br>डिभिजन वन कार्यालयमा अघिल्ला वर्षमा नियुक्त गरी निरन्तर कार्य गरेका वन सहजकर्ताको कार्यसम्पादन सन्तोषजनक देखिएमा र निजले पुनः कार्य गर्न इच्छा व्यक्त गरेमा पुनःम्याद थप गरी खटाउनु पर्नेछ।<br><br>वन सहजकर्ताले आफुले गरेको कामको मासिक रुपमा सब डिभिजन वन कार्यालयमार्फत डिभिजन वन कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।<br><br>डिभिजन वन कार्यालयले जिल्ला भित्रका सामुदायिक वन उपभोक्ता समुहहरुको डाटावेस तयार गर्न सक्नेछ। यो कार्यक्रम कार्यान्वयन पश्चात पचास हजार रुपैयाँमा नवढ्ने गरी कार्यक्रमका उपलब्धि तथा सिकाईहरु सहितको पुस्तिका प्रकाशन गर्नु पर्नेछ।<br><br>यस कार्यक्रम अन्तरगत भए गरेका क्रियाकलापको वन सहजकर्ताले मासिक प्रतिवेदन र सव-डिभिजन वन कार्यालयले त्रैमासिक रुपमा डिभिजन वन कार्यालयमा छुट्टै प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ। साथै डिभिजन वन कार्यालयले त्रैमासिकरुपमा निर्देशनालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ। |

सचिव

मा. सुरेश अधिकारी
मन्त्री

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल